लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
# लुम्बिनी प्रादेशिक अस्पताल
बुटवल,नेपाल फोन : ०७१-५३२२४८
Email :- lzhospital@gmail.com

## सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/२७

लुम्बिनी प्रादेशिक अस्पतालको लागि स्वास्थ्य मन्त्रालय,लुम्बिनी प्रदेश राप्ती उपत्यका (देउखुरी) नेपालबाट स्वीकृत करार दरवन्दी अन्तर्गतका तपसिल बमोजिमका पदहरुमा करार कर्मचारी व्यवस्थापन कार्यविधि (संशोधन सहित),२०८० बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले २०८१ पौष मसान्तसम्मको लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

तपसिल :

| सि.नं. | विज्ञापन नं. | पद | तह | न्यूतम शैक्षिक योग्यता | माग पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०८१/०८२ | क.रेडियोलोजिष्ट | नवौं | सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त | १ जना |
| २ | २/२०८१/०८२ | कन्सल्टेण्ट गाइनोकोलोजिष्ट | नवौं | सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त | १ जना |
| ३ | ३/२०८१/०८२ | कन्सल्टेण्ट नेफ्रोलोजिष्ट | नवौं | सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त | १ जना |
| ४ | ४/२०८१/०८२ | कन्सल्टेण्ट इ.एन.टी सर्जन | नवौं | सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त | १ जना |

निम्न :

१) दरखास्त बुझाउने विधि र स्थान : यस अस्पतालको प्रशासन शाखामा दरखास्त फारम उपलब्ध हुनेछ वा स्वाथ्य मन्त्रालय लुम्बिनी प्रदेशको वेवसाइट : mohp.lumbini.gov.np मार्फत डाउनलोड गरी दरखास्त फारम साथ संलग्न गर्नु पर्ने कागजातहरु सहित यस अस्पतालको प्रशासन शाखामा दरखास्त पेश गर्नुपर्नेछ।

२) दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु : उम्मेदवारको व्यक्तिगत विवरण,शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,अनुभवको प्रमाणित प्रतिलिपी,प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपीको पछाडी पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा आयोग फारमको ढाँचामा सम्पूर्ण विवरण भरी हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो सहित पेश गर्नुपर्नेछ।

३) दरखास्त दस्तुर : नवौं तहको लागि रु १२०० (एक हजार दुई सय मात्र) अस्पतालको खाता नं.०४१४७०१४२५६७८०१९) कृर्षि विकास बैकमा बुझाउनु पर्नेछ।

४) दरखास्त लिने अन्तिम मिति : २०८१/०६/१० गते कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सम्म।

५) छनोटको आधार र प्रक्रिया : संक्षिप्त सूची (Short List) र अन्तर्वार्ता (संक्षिप्त सूचीमा परेकालाई अन्तर्वाताको लागि छनौट गरिनेछ)।

६) सम्पर्क मिति र स्थान : दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट। स्थान : लुम्बिनी प्रादेशिक अस्पताल।

७) उम्मेदवारको उमेरको हद : २१ बर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको।

८) कामको विवरण : सेवा,समूह सम्बन्धी।

९) तलब : नेपाल सरकारको प्रचलित स्केल बमोजिम।

१०) अन्तर्वाताको सूचना : संक्षिप्त सूचिमा परेका सहभागीहरुको नामावली प्रकाशन तथा अन्तर्वाताको सूचना स्वास्थ्य मन्त्रालयको वेवसाइट www. mohp.lumbini.gov.np मा प्रकाशन गरिनेछ।

११. अन्तर्वार्ताको मिति,समय र स्थान : अन्तर्वार्ताको लागि मिति,समय र स्थान स्वास्थ्य मन्त्रालय,राप्ती उपत्यका (देउखुरी) नेपालले तोक्नेछ।

नोट: सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ। यस सम्बन्धमा थप जानकारीको लागि अस्पतालको प्रशासन शाखामा (०७१-५३२२४८) सम्पर्क राख्न सकिनेछ।

पदपूर्ति समिति